# पूर्ण सरसफाइ मार्गदर्शन

# २०७३

नेपाल सरकार

खानेपानी तथा सरसफाइ मन्त्रालय

## विषय सूचि

परिभाषित शब्दावली

१. पृष्ठभूमि

२. औचित्य

३. लक्ष्य

४. उद्देश्य

५. पूर्ण सरसफाइका कियाकलाप

सफा र स्वच्छ क्षेत्र

पूर्ण सरसफाइ उन्मुख क्षेत्र

६. पूर्ण सरसफाइका सूचकहरु

७. स्व-घोषणा, अनुगमन तथा प्रमाणीकरण

८. क्षमता अभिवृद्धि

९. स्रोत व्यवस्थापन

१०. पुरस्कार, सम्मान र कदर

११. निरीक्षण अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

**अनुसूचीहरु :**

१. सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

२. खानेपानी, सरसफाइ र स्वच्छताका अन्तरनिहित विषयहरु

३. अनुगमनका सूचकहरु र प्रमाणीकरणका आधारहरु

४. खानेपानी, सरसफाइ र स्वच्छता योजनामा समावेश गर्नुपर्ने न्यूनतम विषयहरु

५. क्षमता विकासको लागि आवश्यक न्यूनतम क्रियाकलापहरु

६. सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात स्थानीय निकाय (गा.पा., न.पा.)का घरधुरी र सस्थामा टाँसिने स्टीकरको नमुना

**परिभाषित शव्दावली**

**सरसफाइ** : मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ । सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विर्सजन मार्फत स्वच्छता कायमलाई गर्नुलाई बुझाउँछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य सफाइ हो ।

**स्वच्छता** : स्वच्छता भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको आनीबानीलाई जनाउँछ ।

**सफा र स्वच्छ अवस्था** : सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था ।

**पूर्ण सरसफाइ उन्मुख अवस्था** : यस मार्गदर्शनमा उल्लिखित सफा र स्वच्छ , पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था ।

**सार्वजनिक शौचालय** : सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालय हो ।

**संस्थागत शौचालय** : विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरुमा निमार्ण गरिएका प्रयोगकर्ता-मैत्री शौचालय हो ।

**सामाजिक समावेशीकरण** : समुदायका सवै लिंग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

**विपद् व्यवस्थापन** : बाढी–पहिरो, आगलागी, भूकम्प, भूक्षय र रोगव्याधिजन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित बिपद् सम्बन्धी पूर्व तैयारी, उद्धार, पुनर्लाभ, पुनर्स्थापना र पुनःनिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्था हो ।

**प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाइ र स्वच्छता (वास)का सुविधाहरु** : शारीरिक रुपले असक्षम र अपाङ्गता भएका तथा बालबालिका,वातावरण,लैगिंक,जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री ( भन्नाले वातावरण, बाल, लैगिंक, अपाङ्गता र वृद्ध- प्रयोगकर्ता-मैत्री) वास सुविधाहरु ।

**बानी व्यवहार विकास** : शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी(मासिक धर्म) व्यवस्थापन लगायत र अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रिया हो ।

**दिगो सरसफाइ** : स्वचालित र नियमित रुपमा संचालित सरसफाइ हो ।

**सुरक्षित पानी** : मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक**,**जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी बुझिन्छ ।

**सरोकारवाला** : सरकारी, गैर सरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजी क्षेत्र, नागरिक समाज, आम संचार, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउने छ ।

**सरसफाइ सुरक्षा योजना** : भान्सा कोठा र बाथ रुमबाट निस्केको फोहोरपानी (Gray Water), चर्पी/शौचालयबाट निस्केको फोहोरपानी (Black Water) र वर्षात्को फोहोरपानी (Storm Water) लगायत मानव मलमुत्रीय फोहोरलाई प्रशोधन गरी पुनःप्रयोग गर्ने व्यवस्थित पद्धति ।

## १. पृष्ठभूमि

नेपालमा सरसफाइ प्रवर्द्धन कार्यक्रम संयुक्त राष्ट्रसंघले सन् १९८० को दशकलाई खानेपानी तथा सरसफाइ दशकको रुपमा कार्य गर्न आव्हान गरे पश्चात् औपचारिक रुपमा सुरुवात भएको हो । यस क्षेत्रमा संलग्न संस्थाहरुले आ-आफ्नो संस्थाको सीमित स्रोतसाधन र कार्य प्रक्रियामा आधारित सरसफाइका टुक्रे (Fragmented) कार्यक्रमहरु सञ्चालन गर्दै आएका थिए । सरसफाइ गुरु योजना, २०६८ को कार्यान्वयन पश्चात हालका दिनसम्म आईपुग्दा स्थानीय निकायको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाइ प्रवर्द्धन कार्यक्रम सरोकारवालाहरुको समन्वय, सहकार्य र आवद्धतामा संचालन भइ रहेको छ । सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य बहुआयामिक र बहुक्षेत्रगत सरोकारको विषयको रुपमा संस्थागत भइ हालसम्म (मिति २०७३ कात्तिक) २१७५ गा.वि.स., ११६ नगरपालिका, ३८ जिल्ला, धवलागिरी र राप्ती अञ्चल खुला दिसामुक्त अवस्था घोषणा भइसकेको अवस्था छ ।

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुबिधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भइ सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ ।

यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले विगतदेखि विभिन्न नामले खुला दिसामुक्त घोषणा पश्चात्का क्रियाकलापहरु संचालन गर्दै आएको भएता पनि परम्परागत रुपमा स्थापित रुढीबादी संस्कार, सरसफाइले स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभाव प्रतिको सचेतनाको अभाव, आवश्यक पूर्वाधारहरुको कमी, हेल्चेक्रयाई, अशक्तता तथा स्थानीय तहको फितलो अनुगमनका कारण सरसफाइ सम्बन्धी संरचनाहरुको समुचित प्रयोग, मर्मतसम्भार तथा स्वस्थकर बानी ब्यवहार विकास गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । सरसफाइको राष्ट्रिय अभियानमा सहरी सरसफाइका मुद्दाहरुलाई ठोस रुपमा संबोधन गर्नु उक्तिकै आवश्यक रहेको छ । विपद्का अवस्थामा खानेपानी र सरसफाइका सेवा सुविधाहरुको आपूर्ति र निरन्तरता अपरिहार्य रहेको देखिन्छ ।

सरसफाइ गुरुयोजना, २०६८ र वातावरण मैत्री स्थानीय सुशासन ढाँचा, २०७० लाई मुख्य आधार मान्दै व्यापक क्षेत्रगत अनुभव, क्षेत्र तथा जिल्ला तहका सरोकारवालाहरुको पृष्ठपोषण, राष्ट्रिय कार्यशालाको सुझाव र घोषणा-पत्र, दिगो विकास लक्ष्य, स्थानीय निकायको नेतृत्व, मानव मुलमुत्रीय फोहोरको व्यवस्थापन, ठोस तथा तरल फोहोरमैलाको प्रशोधन गरी पुन:प्रयोग वा तोकिएको मापदण्ड अनुसार विसर्जन गर्नु पर्ने अपरिहार्यता, विज्ञहरुका राय सुझाव एवं नीतिगत आधारलाई मध्यनजर राखी राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको प्रत्यक्ष समन्वय र सहजीकरणमा पूर्ण सरसफाइ मार्गदर्शन,२०७३ (Total Sanitation Guideline, 2017) तयार पारिएकोछ ।

## २. औचित्य

मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ । जनस्वास्थ्य र प्रतिष्ठा प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य एवं प्रकृया सरसफाइ हो । साथै जोखिमपूर्ण अवस्था (खाना खानु अघि, खाना खाएपछि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा,गाईबस्तुको मलमुत्र व्यवस्थापन गरेपछि) साबुन पानीले हात धुने र चर्पी निर्माण, प्रयोग तथा यसको मर्मतसंभार मात्र नभइ व्यक्तिगत, घरायसी र वातावरणीयका साथै मानिसको बानी व्यवहार परिवर्तन समेट्दछ ।

हाल सामाजिक अभियानको रुपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलब्धिहरुलाई दिगो रुप दिंदै सरसफाइका अन्य सुविधाहरुको निर्माण, प्रभावकारी सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र निजी क्षेत्रको सुदृढ साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा सरसफाइ र स्वच्छताको निरन्तरताको लागि प्रभावकारी रुपमा संस्थागत क्रियाशीलता, स्तरीय सेवा प्रवाह, सचेतना अभिबृद्धि, व्यापक सामाजिकीकरण, सामुहिक सशक्तिकरण तथा स्व-अनुगमन सम्बन्धी क्रियाकलापहरुको नियमित कार्यान्वयनको आवश्यकता रहेको छ।

त्यसैले सरसफाइ र स्वच्छताको दिगोपन कायम गरी तपसिलमा उल्लिखित चुनौतीहरु सम्बोधन गर्न पूर्ण सरसफाइ मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य देखिएको छ।

- सरोकारवालाहरुको सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ तर्फ उन्मुख हुन ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलता वृद्धि गरी सम्पूर्ण सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नका साथै जिम्मेवारी तथा जवाफदेहीतालाई अभिवृद्धि गर्न ।
- खुला दिसामुक्त घोषणा पश्चात देशमा संचालित मौजुदा प्रवर्द्धनात्मक कियाकलापहरुबाट प्राप्त अनुभव र सिकाइहरु समेट्दै कार्य संचालन विधि, प्रक्रिया र सूचकहरुमा एकरुपता ल्याउन तथा प्रक्रियागत कमी कमजोरीहरुमा सुधार गर्न ।
- खानेपानी, सरसफाइ र स्वच्छताका सेवाहरु र प्रयोगकर्ता-मैत्री सुविधाहरुको विस्तार तथा स्तर अभिवृद्धि गर्दै उपलब्ध सेवा र सुविधाहरुको दिगो रुपले सम्भव भएसम्म उत्पादनमूलक र आयआर्जनमा समेत ध्यान दिई समुचित उपयोग गर्ने बानी व्यवहार प्रवर्द्धन गर्न ।
- पूर्ण सरसफाइको अवस्थामा पुग्नका लागि खानेपानीको सुविधा सुनिश्चित गर्न ।
- विद्यालय एवं स्वास्थ्य संस्था लगायत विभिन्न सार्वजनिक निकाय तथा संघसंस्था र सार्वजनिक स्थलमा सरसफाइको उचित व्यवस्थापनमा जोड दिन ।

## ३. लक्ष्य

सन् २०३० सम्म सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने ।

## ४. उद्देश्य

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसंग सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ । सरसफाइ सुविधाको समुचित विकास तथा विस्तारबाट आम मानिसको स्वास्थ्यमा अभिवृद्धि हुने हुँदा वातावरणीय सरसफाइ र स्वच्छताका माध्यमबाट मानव जीवनस्तरमा सुधार गर्नका लागि यस मार्गदर्शनले तपसिलका उद्देश्यहरु लिएको छ।

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।
- सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणको प्रवर्द्धन समेत गर्ने ।
- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।
- पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।

## ५. कियाकलाप

यस मार्गदर्शन अनुरुप कुनै पनि क्षेत्र (गा.पा. ⁄ न.पा. ⁄ जिल्ला ⁄ प्रदेश) मा पूर्ण सरसफाइका कियाकलापहरु संचालन गर्दा सरोकारवालाहरुको बीचमा छलफल र स्थानीय आवश्यकतामा आधारित रही खानेपानी, सरससफाइ र स्वच्छताका कियाकलापहरु समावेश गरी आ-आफ्नो क्षेत्रको खानेपानी, सरससफाइ र स्वच्छता योजना (**Water, Sanitation and Hygiene Plan: WASH Plan**) तर्जुमा गरिने छ । कुनै पनि क्षेत्रमा WASH Plan को एउटा मुख्य अंगका रुपमा पूर्ण सरसफाइ कार्यक्रम हुनेछ । तर WASH Plan ले उक्त कार्यक्रमका अतिरिक्त खानेपानी र स्वच्छताका व्यापक कियाकलापहरु पनि समेट्नेछ । पूर्ण सरसफाइ कार्यकम संचालन गर्नु अघि नै उक्त क्षेत्रमा आधारभूत स्तरको खानेपानीको पहुँच भएको हुनु पर्नेछ । यसरी तयार गरिने WASH Plan को एउटा मुख्य उद्देश्य सम्बन्धित क्षेत्रलाई एउटा निश्चित समय सीमाभित्र पूर्ण सरसफाइउन्मुख क्षेत्रको रुपमा स्थापित गर्ने हुने छ । तर पूर्ण सरसफाइको अवस्था हासिल गर्न लामो समय लाग्न सक्ने र ठूलो लगानी आवश्यक पर्न सक्ने हुँदा यस अभियानलाई दुई चरणमा विभाजन गरी कार्यान्वयन गरिने छ । पहिलो सफा र स्वच्छ चरण हुने छ भने दोस्रो पूर्ण सरसफाइ उन्मुख चरण हुने छ । यी दुबै चरणका क्रियाकलापहरु सञ्चालन भइ आवश्यक सूचकहरु पुरा भएको अवस्थामा उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र भनिने छ ।

WASH Plan तर्जुमा गर्दा गा.पा. वा न.पा.लाई कार्यकम संचालनको न्यूनतम एकाइको रुपमा लिइने छ (तर कार्यकमको सहजता र गतिशीलताका लागि आवश्यक अनुसार वडा तहसम्म कार्यकम संचालनको योजना तर्जुमा, कार्यान्वयन ढाँचा,अनुगमन, स्वघोषणा आदिलाई पनि समावेश गर्न पनि सकिनेछ) ।  WASH Plan तयार गर्दा सम्बन्धित गा.पा. वा न.पा.का वा जिल्लाको सहभागिता र स्वामित्वको सुनिश्चितता गर्नुपर्ने छ । योजना तयारीको सुरुदेखि अन्तसम्मका क्रियाकलापहरुमा ती संस्थाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिने छ । पूर्ण सरसफाइ अभियानलाई प्रवर्द्धन गर्दा स्थानीय परिवेश र अवस्था अनुसार माथि उल्लिखित दुई चरणका कियाकलापहरु सँगसगै वा एक पछि अर्को गरी निरन्तर रुपमा निम्न लिखित कियाकलापहरु संचालन गरी गरिने छ :

### क) सफा तथा स्वच्छ क्षेत्र

यस चरणमा निम्न लिखित कियाकलाप संचालन गरिने छ :

१. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका नयाँ सरोकालावालाहरुको समेत पहिचान एवं समावेश गरी केन्द्रदेखि स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु आवश्यकता अनुसार गठन, पुर्नगठन गरी सकिय गरिनेछ ।

२. समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकन एवं त्यस पछि संचालन गरिने कियाकलापहरुलाई सहयोग गर्न ५ सदस्यीय कार्यदल (जिल्ला, न.पा. र गा.पा. समन्वय समिति) गठन गरिने छ  ।

३. खानेपानी,सरसफाइ र स्वच्छता सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रका समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सकियतामा गा.पा. वा न.पा. र जिल्ला  खानेपानी, सरसफाइ र स्वच्छता योजना (**WASH Plan**) तर्जुमा गरिने छ ।

४. केन्द्रदेखि स्थानीय तहमा खानेपानी, सरसफाइ, स्वच्छता सम्बन्धी मानव संसाधन विकासका लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरु (**Capacity Building Training and Orientation**) आयोजना गरिने छ ।

५. खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरुः चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा र स्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन, वातावरणीय सरसफाइ आदिका विषयमा आम संचारको प्रयोग,

सप्ताह, महोत्सव, सम्मेलन आयोजना तथा घर दैलो कार्यक्रम आदि मार्फत जनचेतनामूलक क्रियाकलाप संचालन गरिने छ ।

६. खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको व्यापक प्रचार प्रसार गर्नका लागि स्थानीय परिवेश र भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार सामग्रीहरुको विकास र वितरण गरिने छ ।

७. खानेपानी, सरसफाइ तथा स्वच्छता सामाग्रीहरुको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गर्न निजी क्षेत्रसँग सहकार्य गरीनेछ ।

८. सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।

९. आवश्यकता अनुसार सबै सार्वजनिक (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थल लगायत) तथा सस्थागत शौचालयहरु प्रयोगकर्ता-मैत्री (वातावरण, बाल, लैगिंक, अपाङ्गता र वृद्ध-मैत्री) बनाइने छन् । घरधुरी, स्थानीय संघसंस्था क्लव, समूह, समिति आदि मार्फत घरायसी चर्पी, संस्थागत तथा सार्वजनिक शौचालयहरुको नियमित मर्मतसंभार र स्तरोन्नती गरी स्वच्छता कायम गरिने छ ।

१०. बालबालिकाको दिसालाई सुरक्षित विर्सजन गरिनेछ ।

११. व्यक्तिगत स्वच्छता एवं साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर, संस्थागत निकाय, सार्वजनिक शौचालय, होटेल, क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थान (Hand Washing Station) को निर्माण सम्बन्धित जिम्मेवार पक्षले गर्नुपर्नेछ ।

१२. समुदाय परिचालन, आम संचार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरु मार्फत घरघर, टोलटोल र संस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता प्रवर्द्धन सम्बन्धी ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।

१३. महिलाहरुको मासिकधर्मलाई प्राकृतिक प्रकृयाका रुपमा लिदैं यसको स्वच्छता र व्यवस्थापनको लागि घरायसी, विद्यालय तथा संस्थागत निकायमा मासिकधर्म स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिने छ । समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरुमा स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिने छ ।

१४. सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा ( खानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी) आधारभूत स्तरको खानेपानीको पहुँच सुनिश्चित गरिने छ ।

१५. सुरक्षित खानेपानीमा सबैको पहुँच (अपाङ्ग समेतको) सुनिश्चितताका लागि खानेपानी आयोजना र यसका स्रोतहरु (मुहान, इनार, ह्याण्ड पम्प, कुवा), वर्षातको पानी संकलन ट्यांकी आदिको संरक्षण गरी सरसफाइ र स्वच्छता विभिन्न वैज्ञानिक उपायहरु अबलम्बन गरी कायम गरिनेछ ।

१६. घरायसी, संस्थागत तथा सार्वजनिक स्थानहरुमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान, सीप, अभ्यास सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, सस्थागत, सामुदायिक स्तरमा पानी प्रशोधन, शुद्धीकरण सम्बन्धी सामग्रीहरुको बजारीकरण गरी कुनै विधि (फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य)को छनौट गर्ने अवसर उपलब्ध गराइने छ ।

१७. समुदाय परिचालन र आम संचार क्षेत्रद्धारा घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तै खाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खाएमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने, फलफूल तथा काचैं खाने खाद्यन्न राम्ररी धोएर सफा गरी खाने आदि बानी व्यवहारको विकास गरिनेछ ।

१८. सम्बन्धित सरकारी, गैर सरकारी संस्था, उपभोक्ता सस्था, नागरिक समाज आदिको संयुक्त टोलीमार्फत संस्था, विद्यालय, होटल, रेस्टुरा, क्यान्टिन, होस्टेल आदिमा प्रयोग हुने खाना, खाना पकाउने तथा खाने भाँडाको सफाइ र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिने छ ।

१९. घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका, सामुदायिक परिचालक एवं पूर्ण सरसफाइ प्रज्वलकहरु मार्फत घरायसी सरसफाइको महत्व, घर तथा संस्थाभित्र बाहिर सरसफाइ, भान्सा तथा गोठको सरसफाइ पशुपंक्षीको व्यवस्थापन, ठोस फोहोर संकलन, वर्गीकरण, त्यसको पुनर्प्रयोग जस्ता कार्यहरु गर्न प्रोत्साहित गरिने छ ।

२०. घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोग सम्बन्धी ज्ञान, सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखीकरण र प्रचारप्रसार गरिने छ ।

२१. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी, सामुदायिक तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुने प्रविधिको सिफारिस गर्नुका साथै आवश्यकता अनुसार निर्माण, व्यवस्थापन र संचालन गरिने छ ।

२२. घर, संस्था, कार्यालय, सामुदाय, सार्वजनिक स्थान आदिमा रहेको शौचालयको खाल्डो/सेप्टीक ट्याङ्की भरिएपछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा विसर्जन गर्न स्थानीय स्तरमा संचालन गर्न सकिने प्रविधिको बजारीकरण गरी प्रयोग र संचालनमा ल्याइने छ ।

२३. स्थानीय तथा समुदायिक समूह, क्लव, समिति आदिद्धारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति, गाँउ, नगर, टोल, बाटोघाटो, चौतारा, पाटीपौवा आदिको सरसफाइ गरी सामुदायिक स्वच्छता प्रवर्द्धनमा सघाउ पुऱ्याइने छ ।

२४. नगरोन्मुख एवं नगर क्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन, बर्गीकरण, ढुवानी, प्रशोधन, पुनःप्रयोग र अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्न पहल गरिने छ ।

२५. अस्पताल, उद्योगधन्दा तथा कलकारखानाबाट निस्कने ठोस तथा तरल फोहोर सोहि हाताभित्र सुरक्षित स्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनका लागि हाताबाहिर निस्कासन गर्न दिइने छ ।

२६. नगर एवं नगरोन्मुख क्षेत्रका घरायसी, सस्थागत, सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थित ढल प्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिने छ ।

२७. नगर र नगरोन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरुलाई नै गर्न लगाइने छ ।

माथि उल्लेखित कियाकलापहरु सम्पन्न भए पश्चात सम्बन्धित समन्वय समितिहरुबाट दफा ६ मा दिइएको सूचकहरु पुरा भए नभएको अवस्था जान्नको लागि स्वअनुगमन गर्नुपर्ने छ । सफा र स्वच्छ क्षेत्रका लागि आवश्यक सूचकहरु हासिल भएको अवस्थामा सम्बन्धित समन्वय समितिले आफ्नो क्षेत्रलाई आफैले सफा र स्वच्छ क्षेत्र घोषणा गर्ने छ । यसरी आफ्नो क्षेत्रलाई सफा र स्वच्छ घोषणा गरिसकेपछि सम्बन्धित समन्वय समितिले एक तह माथिको समन्वय समितिलाई प्रमाणीकरणको लागि अनुगमन गर्न अनुरोध गर्न सक्ने छ । यसरी विधिवत रुपमा अनुरोध प्राप्त भएपश्चात माथिल्लो समन्वय समितिले अनुसूची ३ मा दिइएको आधारमा **सफा र स्वच्छ क्षेत्रका** सूचकहरु पुरा भए नभएको अनुगमन गर्ने छ । उक्त समितिलाई सबै सूचकहरु पुरा भएमा सम्बन्धित क्षेत्र (वडा, गा.पा, न.पा र जिल्ला) लाई सफा र स्वच्छ क्षेत्र भनी प्रमाणीकरण गरी प्रमाण-पत्र उपलब्ध गराउने छ ।

### ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र

पूर्ण सरसफाइ अभियान अन्तर्गत कुनै पनि क्षेत्रलाई **सफा र स्वच्छ क्षेत्र** कायम गरी सकेपछि निरन्तर रुपमा तपसिलमा उल्लिखित पूर्ण सरसफाइ उन्मुख कियाकलापहरु संचालन गरिने छ :

१. सफा र स्वच्छ क्षेत्र चरणमा संचालित योजना, कार्यक्रम, कियाकलापहरुको पुनरावलोकन गरिने छ । र आवश्यकता अनुसार सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२. घर, सस्था, शौचालयबाट ढल प्रणाली वा कुनै माध्यम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकाले मानव मलमुत्रीय फोहोर **(Faecal Sludge)** निस्कासन तथा संकलन गरिने छ । यसरी संकलित मानव मलमुत्रीय फोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहाँबाट निस्केको बस्तुहरु **(Products)** लाई घरायसी सरसफाइ, कृषि वा अन्य क्षेत्रमा पुनःप्रयोग जोड दिइनेछ । निजी क्षेत्रसँग सहकार्य गरी यस्तो कार्यलाई अझ प्रभावकारी बनाइने छ ।
३. घर, संस्था, कार्यालयमा प्रयोग तथा पुर्नप्रयोग हुन नसकेको ठोस फोहोरमैलालाई स्रोतबाट सिधै संकलन गरी स्यानिटरी ल्याण्डफिल्डमा सुरक्षित रुपमा स्थानान्तरण, प्रशोधन एवं विसर्जनको व्यवस्था गरिने छ ।
४. स्थानीय निकाय र सरोकारवालाहरुको समन्वयमा वर्षात्को पानी संकलन गरी प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
५. नगरोन्मुख तथा नगर क्षेत्रमा फोहोरपानी तथा सतही ढलको व्यवस्था गरिने छ ।
६. नदीनालाको सरसफाइ, पार्क निर्माण तथा हरियाली प्रवर्द्धनमा जोड दिइने छ ।
७. सरोकारवालाहरुसँगको समन्वयमा अस्पताल एवं औद्योगिक तथा कलकारखानाबाट उत्पादित जोखिमयूक्त फोहोरमैलाको सुरक्षित बिसर्जन गरिने छ ।
८. सरोकारवालाहरुको समन्वयमा प्रयोगकर्ता-मैत्री उच्च गुणस्तरका खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरु प्रवर्द्धन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन समुदाय परिचालनका कियाकलापहरु संचालन गरिने छ ।

## ६. पूर्ण सरसफाइका सूचकहरू

पूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिने छ ।

### क) सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण सकिने छ ।

### १. योजना तर्जुमा तथा व्यवस्थापन

- समन्वय समिति सकिय रहेको,
- WASH Plan तर्जुमा भएको
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,

### २. चर्पीको समुचित प्रयोग

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाँउमा दिसा नभेटिएको,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

**३. व्यक्तिगत सरसफाइ**

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसस्थ्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,
- घर, विद्यालय, स्वास्थ्य सस्थ्था, कार्यालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

**४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग**

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,

**५. सुरक्षित खानाको प्रयोग**

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाको अनुगमनका लागि  कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको,

**६. घरायसी एवं संस्थागत सरसफाइ**

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय, संघसस्थ्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको  सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा  धुँवा रहित चुल्होको प्रयोग भएको,

**७. वातावरणीय सरसफाइ**

- गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्याकमा जोडिएको)

- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त  प्रविधिको प्रयोग भएको
- नगर वा नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएको,

**ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु**

- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त  प्रविधिको प्रयोग भएको
- नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,
- ठोस फोहोरमैलाको  व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माण गरी संचालनमा रहेको,
- नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन, पुनःप्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको,
- आकासेपानी संकलन र उपयोग गरेको,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,
- बस्ती, टोल वरपर यथोचित  हरियाली र पार्क निर्माण भएको,

## ७. स्व-घोषणा, अनुमोदन तथा प्रमाणीकरण

पूर्ण सरसफाइ अभियानलाई निरन्तर रुपमा संचालन गर्दै जादा सम्बन्धित गा.पा. वा न.पा.ले सरसफाइका क्रियाकलापहरुको स्व-अनुगमन, अवलोकन, मूल्याङ्कन एवं स्तरोन्नती कार्यलाई निरन्तर रुपमा संचालन गर्ने छ । कुनै  गा.पा वा न.पा.ले संचालित पूर्ण सरसफाइका सफा र स्वच्छ क्षेत्रका क्रियाकलापहरु पूरा गरेपछि सम्बन्धित समन्वय समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रुपमा स्व-घोषणा गर्नुभन्दा अगाडि अनुसूची ६ अनुसारको स्टीकर तयार गरी प्रत्येक घरधुरीमा वितरण गर्ने छ र स्व-घोषणा गर्न सक्ने छ । यसरी सफा र स्वच्छ घोषणा गरिए पछि त्यस क्षेत्रलाई एक तह माथिको समन्वय समितिबाट अनुगमन तथा अवलोकन गराइ सफा र स्वच्छ क्षेत्रका रुपमा प्रमाणीकरण गराउन पनि सकिने छ । एक तह माथिको समन्वय समितिको प्रमाणीकरण पश्चात गा.पा. वा न.पा.ले आफ्नो कार्यालयमा अनुसूची ६ अनुसारको स्टीकर टाँस्ने छ । एक तहमुनीको समन्वय समितिबाट प्रमाणीकरणका लागि अनुरोध गरेमा एक तह माथिको समन्वय समितिले अनुगमन तथा अवलोकन गरी प्रमाणीकरण गर्नेछ । कुनै पनि गा.पा. वा न.पा.मा संचालित पूर्ण सरसफाइ अभियानका क्रियाकलापहरुको स्व-अनुगमन तथा अनुगमन गर्दा माथि उल्लिखित सफा र स्वच्छ क्षेत्रका सम्वन्धित सूचकहरुलाई आधार मानी सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिने छ । सबै गा.पा. वा न.पा. सफा र स्वच्छ क्षेत्र कायम भएपछि क्रमश जिल्ला तथा क्षेत्रलाई सोही प्रकृया अनुरुप सफा र स्वच्छ क्षेत्र स्व-घोषणा तथा अनुमोदन एवं प्रमाणीकरण पनि गर्न सकिने छ ।

यदि कुनै क्षेत्र(गापा,नपा. जिल्ला)ले उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र वा पूर्ण सरसफाइ उन्मुख क्षेत्र प्रमाणीकरण गराउन एक तह माथिको समन्वय समितिलाई औपचारिक अनुरोध गरेमा सम्बन्धित समन्वय समितिले वडाको हकमा ७ दिन, गा.पा. वा न.पा.को हकमा १० दिन, जिल्लाको हकमा १५ दिन र क्षेत्रका हकमा २० दिनभित्र अनुगमन कार्यदल गठन गरी सम्वन्धित निकाय वा क्षेत्रमा अनुगमनका लागि खटाउने छ । उक्त अनुगमनमा खटिएको टोलीले माथि बुँदा ६ मा उल्लेख गरिएका पूर्ण सरसफाइका सूचकहरु समेटिएको सूचना संकलन फाराम तथा कार्यविधि अनुसार अवलोकन, छलफल, आवश्यक सूचना संकलन गरी उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र प्रमाणीकरण गर्न उपयुक्त छ/छैन ठोस राय सहितको प्रतिवेदन सम्बन्धित समन्वय समितिमा पेश गर्ने छ ।

प्रतिवेदन पेश गरेको मितिले वडाको हकमा बढीमा ७ दिनभित्र गा.पा. वा न.पा. समन्वय समितिले, गा.पा. वा न.पा. को हकमा बढीमा १५ दिनभित्र जिल्ला समन्वय समितिले, जिल्ला/अञ्चलको हकमा बढीमा ३० दिनभित्र क्षेत्रीय समन्वय समितिले र क्षेत्रको हकमा ३५ दिनभित्र राष्ट्रिय समन्वय समितिको बैठक बसी सफा र स्वच्छ क्षेत्र प्रमाणीकरण गर्न योग्य भए नभएको जानकारी गराउने छ । यदि योग्य नभएमा सम्बन्धित समन्वय समितिलाई सफा र स्वच्छ क्षेत्र हासिलका लागि गर्नु पर्ने क्रियाकलापहरुको सुझाव सहित पत्राचार गर्नुपर्ने छ र सूचकहरु पुरा गरेको अवस्थामा सफा र स्वच्छ क्षेत्र अनुमोदन एवं कायम गर्न सकिने पत्राचार गर्नु पर्नेछ । साथै उक्त क्षेत्रलाई स्वघोषणा गर्दा वा अनुमोदन गर्दा सो सम्बन्धी सूचक पूरा गरेको प्रमाण-पत्र उपलब्ध गराउनु पर्ने छ ।

कुनै क्षेत्रमा सफा र स्वच्छ क्षेत्रका सूचकहरु पूरा गरी अनुमोदन वा स्वघोषणा भइ भएपछि वा सँगसगै पूर्ण सरसफाइ उन्मुख क्रियालकलापहरु संचालन गरिनेछ । पूर्ण सरसफाइ सम्बन्धी माथि उल्लिखित क्रियाकलापहरु सञ्चालन गरेर बुँदा ६ का सूचकहरु हासिल गरे पश्चात उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख अवस्थाका रुपमा स्व-घोषणा गर्नुका साथै प्रमाणीकरण गर्न सकिने छ । साथै सफा र स्वच्छ क्षेत्र जस्तै स्व-अनुगमन,अनुमोदन, स्वघोषणा तथा प्रमाणीकरण प्रकृया अवलम्बन गरिने छ ।

## ८. क्षमता अभिवृद्धि

पूर्ण सरसफाइ सम्बन्धी क्षमता अभिवृद्धि मूलत  दिगो रुपमा बानी व्यवहार विकास गर्ने कार्यमा केन्द्रित रहने छ । तथापि, उक्त क्षमता अभिवृद्धि मार्फत सरसफाइलाई आयआर्जन, जीविकोपार्जन, पर्यावरणीय सन्तुलन र विपद् व्यवस्थापन आदि पक्षहरु सम्बोधन गर्ने साधनको रुपमा समेत प्रवर्द्धन गरिने छ । पूर्ण सरसफाइ अभियान सम्बन्धी क्षमता अभिवृद्धि गर्दा केन्द्र, क्षेत्र, जिल्ला, न.पा. एवं गा.पा.मा आवश्यकता अनुसार प्रशिक्षण, अभिमुखीकरण र गोष्ठी संचालन गरिने छ । साथै केन्द्र, क्षेत्र, जिल्ला, गा.पा. एवं न.पा. तहका विभिन्न सरोकारवालाहरुलाई लक्षित गरी आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण, गोष्ठी, तालिम, अभिमुखीकरण  आदि समावेश गरी पूर्ण सरसफाइ म्यानुअल तयारी गरिने छ । यसैगरी मानव मलमुत्रीय फोहोर व्यवस्थापन, फोहोरपानी प्रशोधनका लागि आवश्यकता अनुसार उपयुक्त  प्रविधिको प्रयोग भएको, ठोस फोहोरमैला व्यवस्थापन, सरसफाइ सुरक्षा योजना लगायत आवश्यक विषयहरुको तालिम म्यानुअल समेत तयार गरिने छ ।

## ९. स्रोत व्यवस्थापन

पूर्ण सरसफाइ कार्यक्रम संचालन गर्दा सहभागितामूलक तरिकाले एकीकृत योजना अवधारणामा WASH Plan तयार गरी  समन्वयात्मक रुपमा श्रोत साधनको परिचालनको व्यवस्था गरिने छ । सबै तहमा एकीकृत कार्यक्रमको अवधारणामा आधारित रही सम्पूर्ण सहयोगी संघसंस्थाहरुको बजेट समेत प्रतिविम्वित गराई  पूर्ण सरसफाइ कार्यक्रम संचालन गरिने छ । पूर्ण सरसफाइ कार्यक्रमका लागि तपसिलमा उल्लेखित स्रोत साधन परिचालन गरिने छ :-

- जिल्ला विकास समिति/जिल्ला प्राविधिक कार्यालयको सरसफाइ  स्वच्छता  क्षेत्रको बजेट ।

- न.पा. र गा.पा. सरकारी पुँजीगत अनुदान रकमको WASH क्षेत्रको बजेट र स्थानीय निकायबाट उपलब्ध हुने अन्य रकम ।
- खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालयहरुको पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत प्राप्त हुने बजेट ।
- सांसद विकास कोषबाट प्राप्त हुने रकम ।
- विद्यालयमा सरसफाइ प्रवर्द्धनका लागि शिक्षा विभाग/जिल्ला शिक्षा कार्यालय, गा.पा. र न.पा. तथा जि.वि.स. मार्फत विद्यालय सुधार कार्यक्रमका लागि प्राप्त हुने रकम ।
- स्वास्थ्य सेवा विभाग र मातहतका निकायबाट स्वच्छता तथा सरसफाइ प्रवर्द्धनका लागि विनियोजित रकम ।
- महिला तथा बालबालिका विभाग तथा मातहतका कार्यालयबाट महिला र बालबालिका सरसफाइ र स्वच्छता सम्बन्धी संस्थागत विकास र सामुदाय परिचालनमा विनियोजित रकम ।
- जिल्ला स्थित अन्य सरकारी कार्यालयहरुसँग हुन सक्ने सम्बद्ध शीर्षकको रकम ।
- दातृ निकाय र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुमार्फत प्राप्त हुने रकम ।
- विकास निर्माण जस्तै पूर्वाधार निर्माण, गरिबी निवारण कोष, पोषण, वातावरण, सुनौला हजार दिन, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले स्थानीय तहमा परिचालन गर्ने कार्यक्रमबाट उपलब्ध हुने रकम ।
- उद्योग, वाणिज्य, बजार क्षेत्र, बैंक लगायत निजी क्षेत्रबाट सरसफाइमा प्राप्त हुने रकम ।
- अन्य कुनै पनि स्रोतबाट प्राप्त हुने रकम ।

## १०. पुरस्कार, सम्मान र कदर

विभिन्न तहमा, पूर्ण सरसफाइ अभियान संचालनमा विशेष योगदान पुऱ्याउने व्यक्ति, समूह र सस्था आदिलाई सम्बन्धित समन्वय समितिहरुद्वारा कदर-पत्र, प्रशंसा-पत्र, सम्मान-पत्र आदिद्वारा पुरस्कृत गरिने छ । साथै सरसफाइ प्रवर्द्धनमा नौला, सिर्जनशील र अनुकरणयोग्य  कार्यक्रम संचालन गर्ने समुदाय, संस्था वडा, गा.पा. वा न.पा.लाई  पनि प्रशंसा-पत्र तथा कदर-पत्रद्वारा सम्मान गर्न सकिने छ ।

यसैगरी कुनै वडा, गा.पा. वा न.पा. जिल्लामा नौला, विशेष प्रकृतिका अनुकरणीय कार्य भएमा त्यस्तो कार्य गर्ने निकाय वा सो कार्यमा योगदान दिने संघसस्थालाई एक तह माथिको समन्वय समितिबाट निर्णय गरी नगद रकमद्वारा पनि सम्मान गर्न सकिने छ ।

## ११. निरीक्षण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणात्मक उपलब्धि र दिगोपनका लागि निरन्तर निरीक्षण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तैयारी गर्ने कार्यलाई संस्थागत गरिने छ । कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा निरीक्षण गरिनेछ । अनुगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधाअवरोध, चुनौती, अवसर, कार्य कुशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरुमा केन्द्रित रहने छ । पूर्ण सरसफाइ प्रवर्द्धनका लागि तपसिल बमोजिमका अनुगमन पद्धतिहरु अवलम्वन गरिने छन् :

**स्व-अनुगमन** : सरसफाइ अभियानका गाउँ तहदेखि केन्दसम्म आफूले गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई कार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा वार्षिक स्व-अनुगमन गरिने छ ।

**संयुक्त अनुगमन** : विभिन्न तहका समन्वय समिति, सहयोगी निकाय, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दल, शिक्षक, विज्ञ तथा लाभान्वित समुदाय आदि सम्मिलित समूहबाट संयुक्त रुपमा अनुगमन गरिने छ । यस्तो अनुगमन एक तह माथिको समन्वय समितिबाट वर्षमा कम्तिमा १ पटक गरिने छ ।

**प्रभाव अध्ययन** : पूर्ण सरसफाइका कियाकलापहरुको प्रभावका सम्बन्धमा जिल्ला, क्षेत्र र केन्द्रले मातहतका कियाकलापहरुको प्रभाव अध्ययन तथा मूल्याङ्कन गर्ने छ ।

**प्रतिवेदन, अभिलेखीकरण र व्यवस्थापन** : सरसफाइ प्रवर्द्धन र प्राप्त उपलब्धिको प्रतिवेदन तैयारी र अभिलेखीकरण प्रयोजनका लागि तथ्याङ्क व्यवस्थापन प्रणालीको उपयुक्त संरचना र विधि अपनाइने छ । यसका लागि गा.पा. तहको तथ्याङ्क व्यवस्थापन गा.पा. र न.पा. तहको स्वयं नगरपालिका स्तरमा गरिने छ । गा.पा. र न.पा.का समन्वय समितिले नियमित रुपमा आफ्नो गा.पा तथा न.पा.का क्षेत्रभित्र रहेका घर परिवार, संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका चर्पी/शौचालयको विवरण, खानेपानी सेवाको पहुँच, हात धुने स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयहरु समावेश गरी तथ्याङ्क संकलन तथा अद्यावधिक गरी अभिलेखीकरण गर्नुपर्ने छ । यस प्रकारको सूचनाको अभिलेखीकरण गर्दा उक्त विषयसँग सम्बन्धित बानी व्यवहारका पक्षहरु, राम्रा सिकाई तथा अभ्यासहरु र सफलताका अनुभवहरु समेत समावेश गर्नु पर्ने छ :

- गा.पा. र न.पा.ले सरसफाइसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी श्रावण पन्ध्र गते भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।
- जिल्ला समन्वय समितिद्वारा गा.पा. र न.पा.बाट प्राप्त प्रतिवेदनहरु संकलन र प्रशोधन गरी समग्र जिल्लाको प्रतिवेदन तयार गरी व्यवस्थित अभिलेखीकरण गर्ने छ । यस्तो प्रतिवेदन वार्षिक रुपमा श्रावण मसान्त भित्र जिल्ला समन्वय समितिले क्षेत्रीय समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।
- क्षेत्रीय समन्वय समितिद्वारा जिल्लाबाट प्राप्त प्रतिवेदनहरुलाई संकलन र प्रशोधन गरी क्षेत्रको क्षेत्रीय प्रतिवेदन अर्ध-वार्षिक रुपमा तयार गरी अभिलेखीकरण गर्नुपर्ने छ । यस्तो प्रतिवेदन केन्द्रीय समन्वय समितिको सचिवालयमा भाद्र पन्ध्र गते भित्र पेश गर्नुपर्ने छ ।
- राष्ट्रिय समन्वय समितिद्वारा विभिन्न क्षेत्रबाट प्राप्त प्रतिवेदनहरुको आधारमा प्रतिवेदन तयार गरी राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय (खानेपानी तथा ढल निकास विभाग अन्तर्गतको वातावरणीय सरसफाइ शाखा) र राष्ट्रिय सूचना व्यवस्थापन एकाइसंगको समन्वय र सहकार्यमा प्रकाशन तथा अभिलेखीकरण र सम्बन्धित सरोकारवालाहरुमा सम्प्रेषण गरिने छ ।
- सम्बन्धित समन्वय समितिद्वारा गा.पा., न.पा., जिल्ला सफा र स्वच्छ क्षेत्र अनुमोदन तथा प्रमाणीकरण गरेको र अन्य कुनै उल्लेख्य कार्यहरु जस्तै सम्मेलन, समीक्षा तथा निर्णयहरुको विवरण प्रतिवेदनको ढाँचामा एक हप्ताभित्र माथिल्लो समन्वय समिति तथा राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ ।

# अनुसूचिहरु

## अनुसूचि १. सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

१.१ कार्य संचालन तह

| क्र. स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | • चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने<br>• स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने<br>• घर आँगनको सरसफाइ गर्ने<br>• सरसफाइ प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने |
| २ | घर परिवार | • चर्पीको निमार्ण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• सरसफाइ सम्बन्धी सामाजिकीकरण गर्ने<br>• पानी र खानाको स्वच्छता कायम राख्ने<br>• घर आँगन र वरिपरिको सरसफाइ र बगैचा व्यवस्थापन गर्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने<br>• घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• सफा र स्वच्छ घर प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ३ | विद्यालय, विश्व विद्यालय, महाविद्यालय तथा अनुसन्धान संस्थाहरु | • सरसफाइका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने<br>• पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>• विद्यार्थी बाल क्लव गठन तथा सक्रियता गराउने<br>• बाल-मैत्री, लैगिंक-मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग, सरसफाइ तथा मर्मत सम्भार गर्ने<br>• पानीको स्वच्छता कायम राख्ने<br>• वरिपरिको सरसफाइ कायम राख्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि  विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>• समुदाय तथा अध्ययनकर्ताहरुका लागि सरसफाइ सिकाइ केन्द्रका रुपमा विकास हुने<br>• अनुसन्धान र विकासका क्रियाकलापहरु संचालन गर्ने<br>• सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ४ | गाउँ टोल | • पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>• गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने<br>• प्रयोगकर्ता-मैत्री सरसफाइ सुविधाको स्तरोन्नती र मर्मत सम्भार गर्ने<br>• खानेपानीको मुहान संरक्षण, पानीको शुद्धीकरण र स्वच्छता कायम राख्ने<br>• गाँउ टोल र वरिपरिको सरसफाइ कायम राख्ने<br>• सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि  घरधुरी र नागरिक समुदायलाई |

| | | |
|---|---|---|
| | | अभिप्रेरणा गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>● वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने<br>● सफा र स्वच्छ गाँउ टोल विकास गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ५ | उपभोक्ता समिति (खानेपानी तथा सरसफाइ बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति) | ● लक्षित समूह, संगठन समुदायलाई सगठित, सूसुचित र सक्रिय बनाउने<br>● नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने<br>● स्थानीय स्रोत साधन परिचालन गर्ने<br>● अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने<br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने<br>● सुविधाहरुको मर्मत, सरसफाइ र व्यवस्थापनमा सहयोग पुऱ्याउने |
| ६ | पशुवधशाला संचालक | ● उचित स्थानमा वधशाला निर्माण गर्ने<br>● वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने<br>● मासुको स्वच्छता कायम राख्ने |
| ७ | सरकारी, गै.स.स. र निजी कार्यालय लगायत सबैं | ● प्रयोगकर्ता-मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्ने<br>● पानीको स्वच्छता कायम राख्ने<br>● वरिपरिको सरसफाइ कायम राख्ने<br>● स्वच्छकर बानी व्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>● सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | ● प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>● सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने<br>● अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने<br>● अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउर्ने<br>● सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण<br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>● सफा र स्वच्छ आनीवानी प्रदर्शन गरी नमुनाका रुपमा प्रस्तुत हुनुपर्ने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| ९ | शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ | ● जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>● विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने<br>● अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br>● अवस्था विश्लेषण, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने<br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने |

| | | |
|---|---|---|
| | | ● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| १० | विद्यार्थी, बाल क्लव | ● विद्यालय सेवा क्षेत्रभित्र  सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने<br>● सरसफाइका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने<br>● तथ्याक संकलन, सचेतनामूलक कायर्कम संचालनमा सहभागी हुने<br>● अविभावकहरुलाई सरसफाइ प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने |
| ११ | स्थानीय क्लव र समूह | ● प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>● सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने<br>● अभिमुखीकरण र ट्रिगरिङ्ग गर्न सहयोग पुऱ्याउने<br>● अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने<br>● सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| १२ | वित्तीय संस्था तथा सहकारी | ● सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>● सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने<br>● सामग्रीहरुको बजारीकरण र वितरण गर्ने |
| १३ | संचारकर्मी तथा नागरिक समाज | ● सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने<br>● अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने<br>● अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | ● सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>● कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने<br>● सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरुलाई परिचालन गर्ने |

## १.२ नीति निर्माण तथा समन्वय तह

| क्र.स | सरोकारवालाहरु | कार्य क्षेत्र |
|---|---|---|
| १ | गा.पा तथा न.पा. र जिल्ला | रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| २ | सरकारी कार्यालयहरु मन्त्रालय, विभाग, क्षेत्रीय तथा जिल्ला तहका कार्यालयहरु | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने<br>समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ३ | निर्देशन तथा समन्वय समिति | क्षेत्रगत सरोकारवालाहरुसँग समन्वय तथा स्रोत साधन पहिचान गर्ने<br>सरसफाइका मुद्दाहरुलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने |

| | | |
|---|---|---|
| | | सभा सम्मेलन, गोष्ठी आदि संचालन गर्ने<br>रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुसन्धान र विकासका कियाकलापमा सहयोग पुऱ्याउने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ४ | विकास साझेदार संस्था | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा सरकार र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने<br>अनुसन्धान र विकासका कार्यहरु संचालन गर्ने |
| ५ | राजनीतिक दल र दलका भातृ संगठनहरु | सरसफाइलाई राष्ट्रिय विकासको महत्वपूर्ण मूलधारका रुपमा स्थापित गर्ने<br>सरसफाइका लागि प्रयाप्त बजेट व्यवस्थापन गर्ने |

## अनुसूचि २. खानेपानी, सरसफाइ र स्वच्छताका अन्तरनिहित विषयहरु

पूर्ण सरसफाइका अन्तर्निहित विषयहरु र सम्बोधन गर्ने उपायहरु तलको तालिकामा उल्लेख गरिएका छन् :

| क.सं. | अन्तर्सम्बन्धित विषयहरु | सम्बोधन गर्ने उपायहरु |
|---|---|---|
| १ | सामाजिक समावेशीकरण | ➢ हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सवै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>➢ लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>➢ क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>➢ पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>➢ लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्धन गर्ने ।<br>➢ आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरु प्रवर्द्धन गर्ने |
| २ | पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरुसंग बढी सम्बन्धित) | ➢ सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>➢ गरिबी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने ।<br>➢ सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरुलाई प्राथमिकता दिने ।<br>➢ स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरु प्रवर्द्धन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता (महिनावारी स्वच्छता ,जनस्वास्थ्य र शिक्षासंग प्रत्यक्ष सम्बन्धित) | ➢ विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरु (जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने, फ्याल्न र जलाउन मिल्ने सुविधाहरु) समेतको व्यवस्था गर्ने ।<br>➢ सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>➢ महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन ( वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसंग बढी | ➢ जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>➢ जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरु तर्जुमा गर्ने ।<br>➢ विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने ।<br>➢ वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने ।<br>➢ जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा |

| | | |
|---|---|---|
| | सम्बन्धित) | प्रयोग भइ रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने ।<br>➢ जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने ।<br>➢ अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवाल/मुद्दाहरु समावेश गर्ने ।<br>➢ जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलिक ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरु आदि सम्बन्धी विषयहरुमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिन पूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय आवाससंग सम्बन्धित) | ➢ आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाइ, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गर्ने<br>➢ विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गर्ने ।<br>➢ विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने<br>➢ जोखिमको नक्सांकन गर्ने<br>➢ आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>➢ क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>➢ चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने ।<br>➢ पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।<br>➢ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने ।<br>➢ मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।<br>➢ आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने ।<br>➢ हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>➢ स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>➢ सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>➢ विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>➢ हरेक तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने । |
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | ➢ मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>➢ लक्षित समूहको लेखाजोखा र सक्षमता अभिवृद्धि गर्ने<br>➢ अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>➢ बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुऱ्याउने र सहयोग गर्ने पक्षहरुको खोजी गर्ने ।<br>➢ लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>➢ सामग्री र माध्यमहरुको चयन गर्ने ।<br>➢ संचार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>➢ प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरुको प्रयोग गर्ने ।<br>➢ अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |

## अनुसूचि ३ : अनुगमनका सूचकहरु  र प्रमाणीकरण गर्ने आधारहरु

| सूचकहरु | प्रमाणीकरणका आधार तथा औजार |
|---|---|
| **सफा र स्वच्छ क्षेत्र** | |
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| • समन्वय समिति सक्रिय रहेको,<br>• WASH Plan तर्जुमा भएको,<br>• क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको, | • समन्वय समितिको बैठक नियमित बस्छ बस्दैन सोध्ने<br>• बैठकको माइन्यूट अवलोकन गर्ने<br>• WASH Plan  तर्जुमा भए नभएको सोध्ने र एकीन गरी  अवलोकन गर्ने<br>• तलिमहरु सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने |
| **समुचित तरिकाले चर्पीको प्रयोग** | |
| • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>• साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,<br>• खुला ठाँउमा दिसा नभेटिएको,<br>• संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको, | • घर, संघसंस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेको स्याम्पिलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने<br>• चर्पी साबुन पानी सहित सफा छ छैन अवलोकन गर्ने<br>• संघ सस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन् छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाइ** | |
| • प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,<br>• घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,<br>• घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत) | • घर, व्यक्ति, संघसंस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने<br>• साबुन पानीसहितको हातधुने स्थान छ छैन अवलोकन गर्ने |
| **सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | |
| • आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,<br>• खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा  घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,<br>• घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको, | • खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने<br>• घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरु : उमालेर, क्लोरिन, फिल्टर, सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरिएको छ, छैन, अवलोकन गर्ने, अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>• खानेपानी राख्ने, भाँडा सफा छ छैन, पानी छोपेर |

| | |
|---|---|
| | राखेको छ छैन अवलोकन गर्ने |
| **खाना प्रयोग सम्बन्धी व्यवहार** | |
| • घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको गरेको<br>• खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>• फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको, | • खाना पकाउने, खाने भाँडा सफा छ छैन अवलोकन गर्ने,सोध्ने<br>• खाना सफा छ छैन क्यान्टिन, होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई सोध्ने<br>• होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ छैन सोध्ने, अनुगमन प्रतिवेदन अवलोकन गर्ने |
| **घर, विद्यालय संघसस्था, सरसफाइ** | |
| • घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,<br>• विद्यालय, संघसंस्था र सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,<br>• घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,<br>• उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको, | • घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर सरसफाइ अवलोकन गर्ने<br>• फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ छैन अवलोकन गर्ने<br>• घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडा सुकाउने च्याङ्ग, कपडा सुकाउने डोरी छ छैन अवलोकन गर्ने ।<br>• घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने<br>• अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने<br>• भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने<br>• गाई बस्तुको गोठ, खोर, व्यवस्थान अवलोकन गर्ने |
| **वातावरणीय सरसफाइ** | |
| • गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइको लागि सरसफाइ समिति गठन भएको,<br>• घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको | • ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधि संचालनमा छ छैन अवलोकन गर्ने<br>• नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने<br>• बधशाला सफा र स्वच्छ रहेको ।<br>• खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा |

| | |
|---|---|
| पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br>• व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको,<br>• नगर र नगरोन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड | सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |
| **पूर्ण सरसफाइ उन्मुख क्षेत्र** | |
| **सूचकहरु** | **प्रमाणीकरणका आधार तथा औजार** |
| • प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,<br>• ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,<br>• ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइडको निर्माण गरी संचालनमा रहेको,<br>• नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन, पुन:प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको,<br>• आकासेपानी संकलन र उपयोग गरेको,<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको, | • खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |

**अनुसूचि ४ : खानेपानी, सरसफाइ र स्वच्छता योजनामा समावेश गर्नुपर्ने न्यूनतम विषयहरु**

१. पृष्ठभूमि :
२. स्थान परिचय :
३: वर्तमान अवस्था (खानेपानी, सरसफाइ र स्वच्छता) :
४. लक्ष्य निर्धारण (खानेपानी, सरसफाइ र स्वच्छता) :
५. कार्य प्रक्रिया :
६. अवसर चुनौतीहरुको विश्लेषण :
७. क्रियाकलापहरु :
८. कार्ययोजना
९. लागत अनुमान :
१०. सरोकारवालाहरुको पहिचान, नक्सांकन र योगदानको विश्लेषण :
११. अनुगमन तथा मूल्यांकन :
१२. आवश्यक नक्साहरु :

**अनुसूचि ५ : क्षमता विकासको लागि आवश्यक न्यूनतम क्रियाकलापहरु**

१. अभिमुखीकरण गोष्ठीहरु
    राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा. वा न.पा. स्तरीय
२. प्रशिक्षक प्रशिक्षण तालिमहरु
    राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा. वा न.पा. स्तरीय
३. सञ्चारकर्मीहरुको लागि अभिमुखीकरण
४. यातायात मजदुरहरुको लागि अभिमुखीकरण
५. सफाइ मजदुरहरुको लागि अभिमुखीकरण
६. होटेल, रेस्टुरा, खाजा पसल, क्यान्टिका व्यवस्थापक र कर्मचरीलाई अभिमुखीकरण
७. निजी क्षेत्रका, उद्यमी व्यवसायी, प्रवर्द्धकहरुलाई अभिमुखीकरण
८. शिक्षक तथा शिक्षिकाहरुको लागि अभिमुखीकरण
९. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सहकारी आदिको लागि अभिमुखीकरण

**अनुसूचि ६ : सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात घर, स्थानीय निकायका कार्यालय, सस्था - गा.पा. वा न.पा.) मा टाँसिने स्टीकरको नमुना**

क) सफा र स्वच्छ क्षेत्र घोषणा गरे पश्चात चाँदी/निलो रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको नमुना आदि राखी घरमा टाँस्ने स्टीकरको नमुना हुने छ ।

ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गरे पश्चात सुनौला/हरियो रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको सहितको घरमा टाँस्ने स्टीकरको नमुना हुने छ ।

माथि क र ख दुबैमा उल्लेखित विवरणमा आधारित रहेर स्टीकरको नमूनाको डिजाइन तयार गरी पछि संलग्न तथा उपलब्ध गराइनेछ ।